लेखापरीक्षण प्रतिवेदन

पाथीभरा याङवरक गाउँपालिका, ताप्लेजुङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

पाथीभरा याङ्वरक गाउँपालिका, ताप्लेजुङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश
काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/709

मिति : २०८३-१-२८

श्रीमान् अध्यक्षज्यू

पाथीभरा याङवरक गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

थेचम्बु, ताप्लेजुङ ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/709

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्रीमान् अध्यक्षज्यू ,

पाथीभरा याङवरक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

थेचम्बु, ताप्लेजुङ्ग ।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रुपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु.९३ करोड ९६ लाख ६० हजारको लेखापरीक्षणबाट रु.१ करोड ५७ लाख ११ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.१ लाख ४४ हजार फस्र्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु.१ लाख ३७ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ९ लाख८३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१० लाख ६७ हजार र पेश्की रु.३३ लाख ८०हजार समेत जम्मा रु.१ करोड ५५ लाख ६७ हजार रहेको छ। गत वर्षसम्म रु.३ करोड४९ लाख६१ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.५ करोड५ लाख२८ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरुपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
२७	३१	१,५७,१०,८११	०	२	१,४४,०००	०	२७	२९	१,५५,६६,८११	१,३७,३१८	१,०९,८२,८१०	१०,६६,६८३	०	०	१,२०,४९,४९३	३३,८०,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
ताप्लेजुङ	३,४९,६१,४६७	०	०	३,४९,६१,४६७	०	१,५५,६६,८११	५,०५,२८,२७८

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
प्रतिक्रियाबाट फस्यौंट				
१	२०८१/८२	३५	नारी दिवश	१४,०००
२	२०८१/८२	२३	आर्थिक सहयोग	१,३०,०००
जम्मा				१,४४,०००

पाथीभरा याङवरक गाउँपालिका, ताप्लेजुङ

(८०१०१५०६३००)

पाथीभरा याङवरक गाउँपालिका , ताप्लेजुङ

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :-स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले पाथीभरा याङवरक गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । पाथीभरा याङवरक गाँउपालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, ९२.७६ वर्ग किलोमिटर क्षेत्रफल तथा ११८०६ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस पालिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२ ।५।३ देखि २०८२ ।५। ७ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय – व्ययतर्फ रु. ९३ करोड ९६ लाख ६० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १,११,२४३। असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	अपाङ्गता भएका व्यक्तिहरुको सस्था (ओ.पि.डि.) सुदृढीकरण तथा अपाङ्गता सशक्तिकरण कार्यक्रममा बजेट भन्दा कम खर्च गरेकोमा रु ८४४१५ अशुल भएको, औषधी खरिदमा बढी भुक्तानी भएकाले रु २६,८२८ अशुल गरिएको ।	१११२४३

२ **एकिकृत आ वि**

पाथीभरा याङवरक गाउँपालिका
आर्थिक वर्ष २०८१/०८२
आर्थिक कारोबारको एकीकृत विवरण

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
शुरु मौज्दात			१. चालु खर्च		१६५९८२५०१.९१
१. संचित कोष	६०८०९६१४.०४	६०८०९६१४.०४	क) पालिका तर्फ	१०००७१९२८.२१	
२. धरौटी	७०५९९६७.६४	७०५९९६७.६४	ख) संघीय सशर्त	[illegible]	
३. कार्यसञ्चालन कोष		६५५५२८७.२७	ग) संघीय विशेष		
३.१ अपाङ्गता रोकथाम तथा पुनः स्थापना कार्यक्रम	०.००		घ) प्रदेश सशर्त	३३७०६२१.००	
३.२ सडक बोर्ड नेपाल	०.००				
३.३ विविध खर्च खाता	१३९१०४.२७				
३.४ मर्मत सम्भार कोष	११५५०४३.३८				
३.५ कर्मचारी कल्याण कोष	३०१२४४५.६२				
३.६ आकस्मिक कोष	३७२१५१.००				
३.७ प्रकोप व्यवस्थापन कोष	९२३.००				
३.८ विविध कोष खाता	१८७५६२०.००		ङ) प्रदेश विशेष		
यस वर्षको आय					११५९७६३७९.००
१. आन्तरिक आय	२९१८१८०.१७	२९१८१८०.१७	२. पुँजीगत खर्च		
२. वित्तीय हस्तान्तरण (संघ)		३६१२४४७९०.९१	क) पालिका तर्फ	८९१९१२३१.३५	
क) समानीकरण अनुदान	१४८७९८४०.००		ख) संघीय सशर्त	४७६३३८५.००	
ख) राजस्व बाँडफाँट	६२९७५६९६.५३		ग) संघीय विशेष	२१४११०९.००	
ग) सशर्त अनुदान	१८६८६००००.००		घ) संघीय समपुरक	१२१०००००.००	
घ) समपुरक अनुदान	१२२५००००.००		ङ) प्रदेश सशर्त		
ङ) विशेष अनुदान	२१४११०९.००		च) प्रदेश विशेष		
					६०८७९६५०.००
छ) अन्य			३. अन्तर सरकारी अख्तियारी (संघ)	६०८७९६५०.००	
३. वित्तीय हस्तान्तरण (प्रदेश)		१९६८१७८४.७०	क) सामाजिक सुरक्षा		
क) समानीकरण अनुदान	६४१४०००.००				
ख) राजस्व बाँडफाँट	२८४८१३०.७०				
ग) सशर्त अनुदान	३४३९०००.००				
घ) समपुरक अनुदान	६९८०६५४.००				
ङ) विशेष अनुदान					
च) रोयल्टी					
छ) अन्य			४. अन्तर सरकारी अख्तियारी (प्रदेश)		
४. अन्तर सरकारी अख्तियारी (संघ)		६०८७९६५०.००	५. विपद् व्यवस्थापन स्वयंसेवक ब्यूरो		
क) सामाजिक सुरक्षा	६०८७९६५०.००		६. ऋण फिर्ता (साँवा)		
५. स्थानीय तहको राजश्व बाँडफाँड		३३२२८४.००	७. ऋणको ब्याज भुक्तानी		६३७६१२.६४
क) घर जग्गा रजिष्ट्रेसन शुल्क	२८२२८४.००		८. धरौटी फिर्ता तथा सदर स्याहा	६३७६१२.६४	९८८०२४४.००
ख) दहत्तर बहत्तर कर	५००००.००		९. कार्यसञ्चालन कोषबाट भएको खर्च	३३३३४७१.००	
			क) अपाङ्गता रोकथाम तथा पुनः स्थापना कार्यक्रम	१५९७४७०.००	
			ख) सडक बोर्ड नेपाल		
			ग) विविध खर्च खाता	९७३८८.००	
			घ) मर्मत सम्भार कोष		
६. अन्तर सरकारी अख्तियारी (प्रदेश)			ङ) कर्मचारी कल्याण कोष	३०००००.००	
			च) आकस्मिक कोष	२१०७१९२.००	
७. विपद् व्यवस्थापन स्वयंसेवक ब्यूरो गठन			छ) प्रकोप व्यवस्थापन कोष	२४४४७२३.००	
८. ऋण/ वित्तीय व्यवस्था			ज) विविध कोष खाता		
९. धरौटी आय	२५९७१५६.००	२५९७१५६.००	१०. अन्य खर्च भएमा		
१०. कार्यसञ्चालन कोष आय		१८१२४२७७.८३	११.अनुदान फिर्ता		
					२०३६३६९२.३०
१०.१) अपाङ्गता रोकथाम तथा पुनः स्थापना कार्यक्रम	३९२२२०२.००		११.१ संघ तर्फ		
१०.२) सडक बोर्ड निकासा	१६०३२२६.००		क) सशर्त अनुदान	२०२१३६९२.३०	
१०.३) विविध खर्च खाता	५७४२२७.४५		ख) विशेष अनुदान		
१०.४) आकस्मिक कोष खाता	४०००००.००		ग) समपुरक अनुदान	१५००००.००	
१०.५) कर्मचारी कल्याण कोष	३९६०४४९.३८		११.२ प्रदेश तर्फ		१११३४९.३५
१०.६) प्रकोप व्यवस्थापन कोष	२४२६०००.००		क) सशर्त अनुदान	१११३४९.००	
१०.७) विविध कोष खाता	३६७४०६२.००		ख) विशेष अनुदान		
१०.८) मर्मत सम्भार कोष	१५६४१११.००		ग) समपुरक अनुदान	०.३५	
			१२. अन्तिम मौज्दात		
			१२.१ संचित कोषको मौज्दात	४२५०२९३१.२६	४२५०२९३१.२६
			१२.२ धरौटी	४७१८८११.००	४७१८८११.००
			१२.३ कार्यसञ्चालनकोष		१४६९९३२१.१०
			क) अपाङ्गता रोकथाम तथा पुनः स्थापना कार्यक्रम	५८८७३१.००	
			ख) सडक बोर्ड निकासा	५७५६.००	
			ग) विविध खर्च खाता	७१३३३१.७२	
			घ) आकस्मिक कोष खाता	३७२१५१.००	
			ङ) कर्मचारी कल्याण कोष	६९७२८९५.००	
			च) प्रकोप व्यवस्थापन कोष	३१९७३१.००	
			छ) विविध कोष खाता	३१०४९५९.००	
			ज) मर्मत सम्भार कोष	२६२१७६६.३८	
			१३. अन्यकोष		५००००.००
			क) विभाज्य कोष	५००००.००	
			ख) विशेष अनुदान		
			ग) समपुरक अनुदान		
जम्मा	५३५८०२४९२.५६	५३५८०२४९२.५६	जम्मा	५३५८०२४९२.५६	५३५८०२४९२.५६

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले महालेखापरीक्षकबाट २०७६।२।१९ मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । गाउँपालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.१ **फरक हिसाव-** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनले सबै कारोबार नसमेटेको कारण पालिकाले सबै आर्थिक कारोबार समावेश गरी छुट्टै एकिकृत आर्थिक विवरण तयार गरी पेश गरेको छ । उक्त दुई विवरणहरुमा देहायअनुसार यस वर्षको प्राप्ति रु. १०,२१,२६,१२५।४८ ,यस वर्षको भुक्तानी रु. ९,१९,२२,५४८।२९ र बैङ्क मौज्दात रु ५०,०००। फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० मा पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्रअनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	७००२४३६८.९५	३६३६५१९९८.१३	३८१९५८८८०.९१	६१९७१०६३.३६
एकीकृतआर्थिक विवरणअनुसार	७००२४३६८.९५	४६५७७८१२३.६१	४७३८८१४२९.२	६१९२१०६३.३६
फरक	०.	१०२१२६१२५.४८	९१९२२५४८.२९	५००००.

(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३.२ स्थानीय सरकर सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाको आर्थिक कारोबारको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले वर्षभरी गरेको सम्पुर्ण आर्थिक कारोबारको लेखाङ्कन स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकिकृत आर्थिक विवरण (म.ले.प.फा.नं. २७०) प्रणालिबाट तयार गरेको छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ६,०८,७९,६५०। सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४ **बजेट सीमा निर्धारण समिति** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

५ **बजेट तथा कार्यक्रम तर्जुमा** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

६ **बजेट अवण्डा**-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष रु. १५,००,०००। अबण्डा बजेट व्यवस्था गरी विभिन्न ससाना टुक्रा कार्यमा रु १४,८७,६२६। खर्च गरेको छ । बजेट अबण्डामा राखी निर्णय गरेर खर्च गर्ने गरेको देखिन्छ । यसरी बजेट अवण्डामा राखी खर्च गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम नहुने भएकाले कानुन विपरीत अवण्डामा बजेट विनियोजन गरी खर्च गर्ने कार्यमा सुधार गर्नुपर्दछ ।

क्र सं	योजनाको नाम	बजेट / खर्च
१	मागमा आधारित कार्यक्रम	१४८७६२६

७ **क्षेत्रगत बजेट-**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस गाउँपालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.सं.	क्षेत्र/उप क्षेत्र	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिक विकास	१६८९७०००	१४६५९१८२	३.९६
२	सामाजिक विकास	२२७६८६८१९	१९७६६९५५१	५३.४४
३	पूर्वाधार विकास	११७९११०५६	७८६१४१३८	२१.२६
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१०२७८१२५	९३४०५२८	२.५३
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	८१४२५०००	६९५७५४८०	१८.८१
कुल जम्मा		४५४१९८०००	३६९८५८८७९	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५३.४४ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा घटी २.५३ प्रतिशत खर्च देखिएकाले क्षेत्रगतरुपमा सन्तुलित बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ ।

८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

९ **आन्तरिक आय -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
२९९३३८१५८	२९१८१८०	०.९७

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदान बाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.९७ प्रतिशत मात्र रहेको देखिएकाले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१० **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु २५,५०,०००। प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु

२९,१८,१८०। अर्थात अनुमान भन्दा १४.४३ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

११ **अनुदान-**

गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाले यो बर्ष बिभिन्न कृषक समुह तथा संस्थाहरुमार्फत ३४८३ कृषकहरुलाई देहाय अनुसार रु ७३,९४,०२६। अनुदान उपलब्ध गराएको देखियो ।

कार्यक्रमकोनाम	**कृषकसंख्या**	**कार्यालयबाटभुक्तानीभएकोअनुदानरकम**	**कृषकलेव्यहोरिएकोअनुदानरकम**
कफीखेतिकार्यक्रम	१५	३०००००	१०००००
सुन्तलाजातपकेटविकाशकार्यक्रम	१८	१२०००००	६११५६९
किविखेतिप्रवर्धनकार्यक्रम	३६	१०००००	१७३०६२
तरकारीकोविविजनवितरणकार्यक्रम	३१२	३०००००	१०००००
पाथीभराकोशेलीघरस्थापनाकार्यक्रम	१	३६२६००	६६३४१
आलुखेतिप्रवर्धनकार्यक्रम	२००	१००००००	२५००००
मागमाआधारितकार्यक्रम	१३८	१४८०४२६	९५०८०९
फौजीकिरानियन्त्रणकार्यक्रम	८०६	५०००००	०
सुन्तलामालाग्नेऔषाकिरानियन्त्रणकार्यक्रम	१०७	४०००००	०
रैथानेवालीप्रवर्द्धनकार्यक्रम	६०	२१४०००	०
वालीसंरक्षणकार्यक्रम	९१०	५०००००	०
कपासखेतिप्रवर्द्धनकार्यक्रम	३०	५०००००	१७१८२०
मकैकोविउवितरणकार्यक्रम	८५०	५३७०००	०
जम्मा	३४८३	७३९४०२६	२४२३६०१

अनुदान वितरणबाट उत्पादन वृद्धिमा परेको सकारात्मक प्रभाव तथा कृषकको आर्थिक लाभ अभिवृद्धि भए/नभएको सन्दर्भमा पालिकाको ध्यानाकर्षण हुनुपर्दछ ।

१२ **खरिद योजना-**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत रु ११,५९,७६,३७९। पूँजीगत खर्च गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी रुपमा खरिद व्यवस्थापन गर्नुपर्दछ ।

१३ **योजना प्राथमिकीकरण** -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने

व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा १३४ योजनामा वजेट विनियोजन गरेकोमा रु २० लाखसम्मका ११८ वटा साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । यसरी साना र वितरणमुखी योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण गरेर छनौट गरी प्रभावकारी रुपमा कार्यान्वियन गर्नुपर्दछ ।

क्र.सं.	कार्यक्रमकोनाम	योजना सङ्ख्या	रु.२० लाखमाथिकायोजना सङ्ख्या	रु.५लाखदेखि २० लाख सम्मका योजना संख्या	रु.५लाखभन्दाकमका योजना सङ्ख्या
१.	विभिन्न	१३४	१६	५२	६६

१४ **त्रैमासिक पुंजिगत खर्च-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

शीर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुंजीगत खर्चतर्फ	११५९७६३७९	१३००१६०	१२३६३१८६	३३४०९६१९	६८९०३४१४	४७४५५७५९
प्रतिशत	१००	१.१२	१०.६६	२८.८१	५९.४१	४०.९२

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ११५९७६३७९ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. १३००१६० (१.१२ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १२३६३१८६ (१०.६६ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ३३४०९६१९ (२८.८१प्रतिशत) र चौथो त्रैमासिकमा रु. ६८९०३४१४ (५९.४१प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी आषाढ महिनामा मात्र रु. ४७४५५७५९ (४०.९२प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१५ **आन्तरिक नियन्त्रण प्रणाली-**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ बमोजिम गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको देखिएन । यस सम्बन्धमा देखिएका अन्य ब्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

• स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ अनुसार गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरेको देखिएन

• गाउँपालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको देखिएन

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको देखिएन

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना गरेको पाइएन

• गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइएन

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख व्यवस्थित गरी राखेको पाइएन

• गाउँपालिकाले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको पाइएन

• पालिकाले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको पाइएन

• सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाइएन

• गाउँपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख राखेको पाइएन

• गाउँपालिकाले विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन

• विद्यालयहरुलाई अनुदान निकासा दिँदा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन गरेको देखिएन

• सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको देखिएन

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित रहेको देखिएन

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गरेको छैन

• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखेको पाइएन

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख राखेको देखिएन

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१६ **खर्च विष्लेषण-**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.२९,१८,१८०। राजस्व बाँडफाँड र अनुदानबाट रु.३६,३६,५१,९९८। समेत रु.३६,६५,७०,१७८। आम्दानी भएकोमा चालु तर्फ रु.२६,५९,८२,५०१। र पूँजिगत तर्फ रु.११,५९,७६,३७९। समेत रु.३८,१९,५८,८८०। खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.७६ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.४९,२७,२३२। खर्च भएको छ जुन आन्तरिक आयको १६८.८६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६९.६३ प्रतिशत चालु र ३०.३७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१७ **कानुन निर्माण र कार्यान्वयन-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ। स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले यस आर्थिक वर्ष सम्ममा २५ ऐन, ७ नियमावली/ मापदण्ड, ४५ कार्यविधि र ६ निर्देशिका गरी जम्मा ८३ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।उक्त कानुनहरुमा उल्लेखित व्यवस्थाहरु प्रभावकारी रुपमा कार्यान्वियन गर्नुपर्दछ ।

१८ **पेश्की बाँकी-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० बमोजिम पेश्की रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबैको कर्तव्य हुने उल्लेख छ। आर्थिक वर्षको अन्तसम्ममा निम्न निर्माण व्यवसायीलाई दिएको पेश्की फस्र्यौट भएको नदेखिएकोले नियमावलीमा उल्लेखित व्यवस्था अनुसार फस्र्यौट गर्नुपर्दछ ।

गो. भौ.	प्रयोजन	पेश्की लिनेको नाम	म्याद ननाघेको पेश्की रकम
०९/०५/२०८१	खहरे देखि पूर्णडाँडा हुदै गाउँपालिका भवन सम्म कालोपत्रे सडक	श्याम । श्री जय शम्भु । चक्र जे.भी.	१२५००००
०३/२४/२०८२	काबेलि-पुर्णडाँडा-पालिका भवनसम्मको सडक कालोपत्रे	श्याम । श्री जय शम्भु । चक्र जे.भी.	१२२७०५५
०३/२४/२०८२	वडा न. २ र ४ जोड्ने फावाखोला मोटोरेबल पुल निर्माण (DPR समेत)	शंकर त्रिशक्ती निर्माण सेवा प्रा.लि.	१०००००००
	जम्मा		१२४७७०५५

१९ **आन्तरिक लेखापरीक्षण-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

२० **विल भरपाई -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण कागजात संलग्न हुनुपर्ने ब्यबस्था छ । पालिकाले ब्याकोहो लोडर सञ्चालन तथा व्यबस्थापन कोष मार्फत निम्न व्यक्ति तथा संस्थालाई मेशिन मर्मतका सामान खरिद गरे वापत रु ५८,०८३/- भुक्तानी गरेकोमा विल भर्पाई पेश नभएकाले पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

भौ.नं.	नाम	रकम	कैफियत
३४/२०८१/१०/६	घनेन्द्र सेनेहाङ	१९०४०	
४४/२०८२/३/२३	न्यौपाने ट्रेड कन्सर्न	३९०४३	
	जम्मा	५८०८३	

प्रमाण पेश नगरेको	५८,०८३

२१ **विउ पुँजी-**

करुणा फाउण्डेसन, प्रदेश तथा पालीकाको त्रिपक्षिय साझेदारिमा सञ्चालन हुने अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम तर्फको आर्थिक वर्ष २०८१/८२ को क्रियाकलाप नं. २.४.२. मा विउ पुँजी सहयोग कार्यक्रम अन्तर्गत पालिकाले अपाङ्गता सेवा समाज मार्फत सबै वडाका अपाङ्गत सहकारी सस्थामा रु ५०,०००/- का दरले विउ पुँजी वितरण गरिने कार्यक्रम अन्तर्गत गाउँपालीकाले पाथिभरा अपाङ्गता सेवा समाजलाई ३,००,०००/- भुक्तानी दिएकोमा समाजले सो रकम पालिका स्तरमा स्थापना भएका अपाङ्गता सहकारी संस्थाहरुको खातामा जम्मा गरेको नदेखिएकाले सहकारिमा रकम जम्मा गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	३,००,०००

२२ **तालिमको प्रमाण-**

करुणा फाउण्डेसन, प्रदेश तथा पालीकाको त्रिपक्षिय साझेदारिमा सञ्चालन हुने अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम तर्फको क्रियाकलाप नं. २.४.१. मा सिपमुलक र व्यावसायिक तालिम अन्तर्गत सोनु सुनुवार र हिमाल अधिकारीले लिएको ड्राइभिङ तालिमको लागि रु ३६,६००। भुक्तानी दिएकोमा तालिमको प्रमाणपत्र संलग्न नगरेकाले प्रमाण पेश गर्नुपर्ने अन्यथा अशुल गर्नुपर्ने रकम रु

प्रमाण पेश नगरेको	३६,६००

२३ **आर्थिक सहयोग-**

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-४** को निर्णयले रू **१३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

२४ **शिक्षक विद्यार्थी अनुपात-**

शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ७७ को उपनियम (१) बमोजिम विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा समग्र पालिका अन्तर्गत ३६ सामुदायिक विद्यालयमा २२५ (वाल विकास केन्द्र र भाषामा समेत) जना शिक्षक र ३३५८ विद्यार्थी रहेकोमा समग्रमा औषत शिक्षक विद्यार्थी अनुपात १:१५ रहेको छ। विभिन्न तहका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ ।

क्र.स.	विद्यालय तह	शिक्षक संख्या	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात	कैफियत
१	उच्च माद्यमिक विद्यालय	८	१४५	१:१८	
२	माध्यमिक विद्यालय	२१	२६७	१:१३	
३	निम्न माद्यमिक विद्यालय	३५	१५५८	१:४५	
४	प्राथमिक विद्यालय	११७	१०३७	१:९	
५	भाषा तथा बाल बिकास	४४	३५१	१:८	
	जम्मा	२२५	३३५८	१:१५	

पालिका भित्रका अधिकांश सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात तोकिएभन्दा कम रहेको देखिन्छ ।सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि,२०७६ अनुसार संघीय कानूनले तोकेबमोजिम विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य सुरु गरेता पनि पूर्ण रुपमा कार्यान्वयन गरेको नदेखिएकाले पूर्ण रुपमा कार्यान्वयन गर्नुपर्दछ ।

२५ **प्रधानमन्त्री रोजगार कार्यक्रम -**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत यस बर्ष नगरपालिका भित्रका वडाहरुमा बाटो सोलिङ्ग तथा ग्राभलिङ्ग, पदमार्ग निर्माण लगायतका ११ वटा कार्यक्रम सञ्चालन गरी कामका लागि पारिश्रमिकमा आधारित कार्यविधि, २०७७ अनुसार सूचिकृत बेरोजगार मध्येबाट ६९ जनालाई जम्मा ४९०० दिन रोजगारी उपलव्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम समेतमा रु. ७८,२१,३३९।- खर्च गरेको छ । पालिकाको नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकाले कार्यक्रम दोहोरो परे नपरेको सम्बन्धमा आश्वस्त हुन सकिएन । पालिकाले योजनाहरुको छनौट गरी कार्यान्वयन गर्दा दोहोरो नहुने सुनिश्चितता गरेर मात्र कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

२६ **आय ठेक्का-**

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ६४(१) च मा ढुङ्गा गिट्टि बालुवा दहत्तर बहत्तरमा प्राकृतिक श्रोतको करको दर र प्रकिया प्रदेशले निर्धारण गर्ने र गाँउपालिकाले संकलन गर्नुपर्ने व्यवस्था छ । कोशी प्रदेशको आर्थिक ऐन २०८१ को अनसूची ६ मा ढुङ्गा, गिट्टि ,बालुवा, दहत्तर, बहत्तर को प्रति घन मिटर संकलन शुल्क रु ७। र बिक्रि शुल्क रु ८। लिनुपर्ने उल्लेख छ।गाउँपालिकाले नदिजन्य पदार्थको संकलन गर्ने वातावरणीय प्रभाव मुल्यांकन गर्दा ६ वटा संकलन केन्द्र पहिचान गरेकोमा ४ वटा संकलन केन्द्रको न्युनतम मुल्यांकन रु ५१,९३,३२१। कायम गरी तीन पटकसम्म ठेक्का आह्वान गरेकोमा कसैले पनि बोलपत्र पेश नगरेकाले गाउँपालिकाले यस वर्ष आय ठेक्का सम्झौता गरेको देखिएन । ठेक्का नलाग्दा सम्मको संकलन भएको ढुङ्गा गिट्टि बालुवाको विवरण लेखापरीक्षणमा पेश गरेको छैन र एक जना व्यक्तिबाट ढुङ्गा गिट्टिको रोयल्टी बापत रु ५०,०००। पालिकाको राजस्व खातामा दाखिला भएको देखियो । गाउँपालिकाले अमानत तथा अन्य विधिबाट ढुङ्गा गिट्टि बालुवाको राजस्व संकलन नगरेका कारण रु ५१,४३,३२१। राजस्व गुमेको देखियो । अत: गाउँपालिकाले आफ्नो क्षेत्र भित्र संकलन भएका ढुङ्गा, गिट्टि, बालुवा लगायतका प्राकृतिक श्रोतहरुको उपयोग गरेबापतको राजस्व संकलन गर्नुपर्दछ ।

२७ **प्लाष्टर-**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यबस्था छ ।गाँउपालीकाले देहायका योजनाहरुको निर्माणकार्य उपभोक्ता समिति मार्फत गरेकोमा १२.५ मिमिको १:४ र २० मिमिको १:४ प्लाष्टरको काममा स्वीकृत दर भन्दा बढि दरले भुक्तानी गरी उपभोक्ता समितिलाई रु १,३७,३१८। बढि भुक्तानी गरेको देखिएकाले सो रकम उपभोक्ता समिति बाट असुल गर्नुपर्ने रु

गो.भौ.	योजनाको नाम	कामको विवरण	परिमाण वर्ग मिटरमा	भुक्तानीदर	स्वीकृत दर	बढी भुक्तानी
२४६।०८२।३।२३	नवज्योति विद्यालय भवन निर्माण	१२.५ एम एम थिक प्लाष्टर (1:4)	७९.५४	५३३.२५	४६९.८३	५०४४
२२६।०८२।३।२२	श्रीजङ्गा भवन	१२.५ एम एम थिक प्लाष्टर (1:4)	१५	४७३.५९	४६९.८३	५६
२०७।०८२।३।११	साङछ्योलिङ गुम्बा निर्माण	१२.५ एम एम थिक प्लाष्टर (1:4)	७०८.२६	६१५.४	४६९.८३	१०३१०१
१६९।०८२।१।२४	मदन भण्डारी गाह्रो निर्माण	१२.५ एम एम थिक प्लाष्टर (1:4)	३४.८४	४७८.६५	४६९.८३	३०७
१४८।०८२।१।७	सामुदायिक भवन निर्माण	१२.५ एम एम थिक प्लाष्टर (1:4)	१६०.४	५३९.८८	४६९.८३	११२३६
१५२।०८२।१।८	महादेव मन्दिर	२० एम एम थिक प्लाष्टर (1:4)	६०.८८	७२६.३४	६१५.४	६७५४
१२८।०८१।१२।१७	शौचालय निर्माण	१२.५ एम एम थिक प्लाष्टर (1:4)	७४.५२	६१५	४६९.८३	१०८१८
	जम्मा					१३७३१८

असुल गर्नुपर्ने	१,३७,३१८

२८ **पेश्की-**

खरिद सम्झौताको विशेष शर्त नं. ५७.३ मा निर्माण व्यवसायीलाई दिएको मोविलाइजेशन पेश्की निर्माण कार्य सम्पन्न गर्नुपर्ने सम्झौता अवधिको ८० प्रतिशत समय व्यतित भएपछि पूर्ण रुपमा रनिङ्ग विलबाट कट्टा गरी फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। गाँउपालीकाले प्रशासकीय भवन निर्माण कार्यको लागि मुअकर समेत रु.२,२९,८८,५६४। को लागतमा २०८१।९।७ भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी थेबे निर्माण सेवा ताप्लेजुङ्गसँग २०८०।३।८ मा खरिद सम्झौता गरेकोमा तोकिएको समयमा निर्माण कार्य सम्पन्न

नभएकाले निर्माण व्यवसायीको माग अनुसार २०८२।९।८ सम्म म्याद थप गरेको देखिन्छ।यो बर्ष निर्माण व्यवसायीले चौथो रनिङ्ग बिलसम्म मुअकर समेत रु.१,२८,५७,३६२।- भुक्तानी लिएको देखिन्छ। निर्माण व्यवसायीलाई बैङ्क ग्यारेण्टीको आधारमा रु.४५,८०,०००।- पेश्की दिएकोमा म्याद थप पछिको समेत खरिद सम्झौता अवधिको ८० प्रतिशत समय २०८२ अषाढ मसान्तमा समाप्त भएकोमा २०८२ अषाढ मसान्त सम्म रु.३३,८०,०००। पेश्की फछ्र्यौट गर्न बाँकी देखिन्छ। यसरी खरिद सम्झौतामा उल्लेखित अवधि भित्र फछ्र्यौट नभएको पेश्की रकम खरिद सम्झौतामा उल्लेखित व्यवस्था अनुसार बैकं जमानत प्राप्त गरी फर्छ्यौट गर्नुपर्ने रु.

पेश्की	३३,८०,०००

२९ **लागत अनुमान-**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहायका मालसामान खरिदको लागत अनुमान तयार तथा स्वीकृति बिना सोझै खरिद गरी विभिन्न फर्महरुलाई रु २४,२९,९२९। भुक्तानी गरेको देखियो । यसरी लागत अनुमान तयार तथा स्विकृत नगरी खरिद गर्ने कार्य ऐन सम्मत नभएको रु

गो.भौ.	खरिदको विवरण	आपूर्तक/ निर्माण व्यवसायी	भुक्तानी रकम
२५२।०८२।३।२४	प्रिन्टर, प्रोजेक्टर आदी	पाचथर अर्डर सोलुसन	३९२६७५
२३०।०८२।३।२२	मेडिकल उपकरण	आरु ट्रेडर्स	५८९५७२
२०३।०८२।३।९	वासिङ मेसिन	अमिक ट्रेड	२९७१९०
१९९।०८२।२।२३	तेल पेल्ने मेसिन	पाथिभरा कृषि तथा पशु समुह	३९२५००
	जम्मा		**१६७१९३७**

अनियमित भएको	१६,७१,९३७

३० **बिमा-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएको बाहेक बिस लाख रुपैया भन्दा बढि मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माणस्थलमा ल्याएको उपकरण लगायत निर्माणकार्यको पूर्ण प्रतिस्थापन खर्चको बिमा गराउनुपर्ने व्यवस्था छ।गाँउपालिकाले देहायका निर्माण कार्यहरु बोलपत्रको माध्यमबाट खरिद सम्झौता गरी बिलअफ क्वान्टिटीमा बिमा गरेबापत निर्माण व्यवसायीलाई बिमा प्रिमियम भुक्तानी गर्ने व्यवस्था गरेकोमा उक्त निर्माणकार्यहरुको निर्माण व्यवसायीहरुले बिमा गरेको देखिएन।गाँउपालिकाले रु २० लाख भन्दा बढीका खरिद सम्झौताहरुको ऐनमा उल्लेखित व्यवस्था अनुसार निर्माण व्यवसायीलाई बिमा गर्न लगाउनु पर्दछ।

सि.नं.	ठेक्का नं. र निर्माण कार्य	निर्माण व्यवसायी	सम्झौता अंक
१	२।०८०।८१ खानेपानि योजना	ताप्लेजुङ कन्स्ट्रक्सन	८६५८४०९
२	२।०८१।८२ खेल मैदान निर्माण	याङतारु निर्माण सेवा	११०४३०७९
३	३।०८०।८१ सडक कालोपत्रे	श्याम/ श्री जय शम्भु/ चक्र जेभि	४५०५८६९८

३१ **करार कर्मचारी-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने तथा दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । गाउँपालिकाले

उल्लेखित पद वाहेकको देहायअनुसारका कर्मचारी करारमा नियुक्ति गरी यो वर्ष रु ५७,५५,७६३। तलब खर्च लेखेको नियमसम्मत नदेखिएको रु..

क्र.सं.	नामथर	पद	मासिक भुक्तानी	बार्षिक भुक्तानी
१	आषिश गुरुङ	सहायक पाँचौ (पशु सेवा प्राविधिक)	३४,७३०.००	४५१४९०
२	प्रभा किरण मेन्याङबो लिम्बु	सहायक पाँचौ (सव इञ्जिनियर)	३४,७३०.००	४५१४९०
३	सुमन गुरुङ	सहायक पाँचौ (सव इञ्जिनियर)	३४,७३०.००	४५१४९०
४	दिपक गुरुङ	सहायक चौथौ	३२,९०२.००	४२७७२६
५	तेजवीर सुब्बा	सहायक पाँचौ (मामला व्यपस्थापक)	३४,७३०.००	४५१४९०
६	बिमल आचार्य	सहायक चौथौ (अमिन)	३२,९०२.००	४२७७२६
१२	सुदिप कुमार यादव	अधिकृत छैठौं (इन्जिनियर)	४३,६८९.००	५६७९५७
१३	सुवास पौडेल	सहायक पाँचौ (सव इञ्जिनियर)	३४,७३०.००	४५१४९०
१४	अनिल अधिकारी	सहायक चौथौ (असिष्टेण्ट सव इञ्जिनियर)	३२,९०२.००	४२७७२६
१५	अस्मिता राई	सहायक चौथौ (असिष्टेण्ट सव इञ्जिनियर)	३२,९०२.००	४२७७२६
१६	मञ्जु खतिवडा भट्टराई	सहायक चौथौ (सामाजिक परिचालक)	२८,०००.००	३६४०००
१७	समिर मावो (लिम्बु)	सहायक चौथौ (असिष्टेण्ट सव इञ्जिनियर)	३२,९०२.००	४२७७२६
१८	रमेशकुमार पौडेल	सहायक चौथौ	३२,९०२.००	४२७७२६
		जम्मा	४४२,७५१.००	५,७५५,७६३.००

अनियमित भएको	५७,५५,७६३

३२ **डिपिआर तथा परामर्श सेवा-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० को १ मा सार्वजनिक निकायले बीस लाख भन्दा बढी मुल्यको परामर्श सेवा खरिद गर्न ऐनको दफा ३० बमोजिम सुचना प्रकाशन गरी आशयपत्र माग गर्नुपर्ने र बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने ब्यवस्था छ। गाउँपालिकाले यो बर्ष सो ब्यवस्थाको पालना नगरी स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको देखिन्छ। यसरी नियमको पालना नगरी र बजेटको सुनिश्चतता नभई डिपिआरमा खर्च गरेको रकम नियमसम्मत देखिएन ।यस्तो कार्यमा पालिकाले सुधार गर्नुपर्दछ ।

क्र सं	नाम कार्यक्रमको नाम	परामर्शदाता	स्वीकृत बजेट	खर्च रकम	अध्ययनवाट निर्धारण भएका आयोजनाको लागत	कार्यान्वयन भए / नभएको (कार्यान्वयन भएको भए वजेट)
१	सारदा मावि स्कुल भवनको डिपिआर निर्माण	सिभिल वर्क कन्सल्टेन्सी प्रालि	२००००००	१९४७८३०		
२	राजस्व सुधार कार्य योजना	सोलुसन रिसर्च पोइन्ट प्रालि	५०००००	४९४९४०		नभएको
३	मध्यमकालिन खर्च संरचना	एलिशा इन्जिनियरिङ वर्क्स एण्ड कन्सल्टेन्सी प्रालि	५०००००	४९५१६६		
४	सामाजिक परीक्षण	ममता ट्रेनिङ एण्ड रिसर्च इन्ष्टिच्युट प्रालि	५०००००	४९१८३३		
५	फाक्सेबारी र कात्तिके खेलमैदान डी पि आर	डिजाइन प्वाइन्ट कन्सल्टेन्सी	३०००००	२९०४१०		
६	आइ इ इ	म्यागपाई टेक इन्टरनेशनल प्रालि	५०००००	४९०४२०		
७	पुर्णचन्द्र दाहालको घरको टर्निङ देखी लप्से सम्म मोटरबाटो	पाणीनी इन्जिनियरिङ सोलुसन	२०००००	१९०९७०		
८	वडा नं ४ को वडा भवन	रेडियन्ट इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन सर्भिसेज	५०००००	४९०४२०		नभएको
९	वडा नं ६ को वडा भवन	सि आर इन्जिनियरिङ्ग सोलुसन्स प्रालि	५०००००	४९४९४०		नभएको
		जम्मा	५५०००००	५३८६९२९		

३३ **मर्मत-**

आर्थिक कर्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले प्रिन्टर डेस्कटप तथा ल्यापटप मर्मतको लागत अनुमान तयार नगरी मास्टर भिजन इन्फोटेक प्रालिलाई मर्मत खर्च रु १,५९,८९५। भुक्तानी गरेको देखियो । यसरी लागत अनुमान तयार तथा स्वीकृत नगरी लेखेको खर्च नियमित नभएको रु

अनियमित भएको	१,५९,८९५

३४ **मुअकरमा दर्ता नभएको संग खरिद-**

४७७।०८२।३।२४ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ मा २० हजार भन्दा बढीको मालसामान खरिद गर्दा मुल्य अभिवृद्धि करमा दर्ता भएको फर्मबाट खरिद गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले थेचम्बु कम्प्युटर तालिम कार्यक्रम पाथिभरा याङवरक कम्प्युटर सेन्टरबाट गराई रु ३,९०,०००। भुक्तानी गरेको श्रेष्तासाथ पान विल संलग्न गरेको देखियो । तोकिएको सीमाभन्दा बढीको समेत मुअकर दर्ता नभएको संस्थाबाट खरिद गरेको अनियमित भएको रु

अनियमित भएको	३,९०,०००

३५ **नारी दिवश-**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-४** को निर्णयले रू **१४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३६ **विवध खर्च-**

नेपाल सरकार खर्च वर्गीकरण निर्देशिका २०७४, बमोजिम शिर्षक नं २७४११ बाट अन्य कार्यक्रममा समेट्न नसकेका शिर्षकलाई विविध शिर्षकमा राखि खर्च गर्न सक्ने व्यबस्था छ । पालिकाको यस वर्ष विविध खर्च शीर्षकमा रू. २४९९५९१ खर्च गरेको छ । पालिकाले अधिकांश भुक्तानीमा कार्यक्रम, सहभागी संख्या नखुलाई विभिन्न होटल तथा रेस्टुराँको बिल भरपाई संलग्न गरी खाना खाजा लगायतका खर्च गर्ने गरेको देखियो। विविध खर्च रकम पालिकाको कुल आन्तरिक आय रु. २९ लाख १८ हजारको ८५.६४ प्रतिशत हुन आउँछ । पालिकाले विविध खर्च गर्दा नियन्त्रण गर्न प्रयोजन खुलाई खर्च गर्नुपर्ने र आन्तरिक आयको परिधि भित्र रही खर्चलाई मितव्ययी बनाउनु पर्दछ ।

३७ **कार्यविधि, निर्देशिका तथा मापदण्ड -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकार भित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ। पालिककाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्रम सञ्चालनको लागि निर्देशिका तर्जुमा गरी लागू गरेको छैन। यसले गर्दा कार्यक्रम सञ्चालनमा जिम्मेवारी, जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउन सक्ने देखिएन। पालिकाले कार्यक्रम कार्यान्वयन सम्बन्धी निर्देशिका तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ। पालिकाले कृषि औजार लगायतका सामग्री वितरण तथा फलफुल विरुवा, बाख्रा र कुखुरा वितरण लगायतका कार्यक्रम सञ्चालन गर्दा सरोकारवालाहरूलाई सूचना प्रवाह, प्रस्ताव/माग संकलन, लाभग्राही छनोट र वितरण सम्बन्धी प्रकृया एवं मापदण्ड तर्जुमा नगरेकोले आम नागरिकको पहुँच सुनिश्चित र पारदर्शी भएको देखिएन। अत पालिकाले कार्यक्रम कार्यान्वयन सम्बन्धी निर्देशिका बनाएर कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

३८ **सोझै खरिद-**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ साथै नियमावली २०६४ को नियम ८५ मा दश लाख सम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने र एक आर्थिक वर्षमा एक पटक वा पटक पटक गरी तोकिए भन्दा बढी रकमको एउटै व्यक्ति,फर्म, कम्पनी वा संस्थाबाट खरिद गर्न नसकिने व्यवस्था छ । गाउँपालिकाले देहायअनुसारका निर्माण व्यवसायी तथा आपूर्तिकर्ताबाट रु ६४,९१,१४७। को सोझै खरिद गरेको देखियो । एकै प्रकृतिका खरिदलाई प्याकेज बनाई प्रतिष्पर्धात्मक रुपमा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्दछ ।

.भौ.	खरिदको विवरण	आपूर्तक/ निर्माण व्यवसायी	भुक्तानी रकम
२५२।०८२।३।२४	प्रिन्टर, प्रोजेक्टर आदी	पाचथर अर्डर सोलुसन	३९२६७५
२५८।०८२।३।२४	फर्निचर	विभिन्न	२०७३३७
२४०।०८२।३।२३	भवन निर्माण	इम्पेरियल कन्स्ट्रक्सन	९३८८२२
२४१।०८२।३।२३	सडक निर्माण	आम्मेबुङ निर्माण सेवा	५१२५२१
२३४।०८२।३।२३	सडक नर्माण	पाथिभरा निर्माण सेवा	९३३०९४
२३०।०८२।३।२२	मेडिकल उपकरण	आरु ट्रेडर्स	५८९५७२
२२३।०८२।३।१८	फर्निचर	मुहिङ ट्रेडर्स एण्ड सप्लायर्स	५५७६५५
१९८।०८२।३।२	सडक निर्माण	प्रशंसा कन्स्ट्रक्सन एण्ड सप्लायर्स	६४९९२९
२०३।०८२।३।९	वासिङ मेसिन	अमिक ट्रेड	२९७१९०
१९९।०८२।२।२३	तेल पेल्ने मेसिन	पाथिभरा कृषि तथा पशु समुह	३९२५००
१९३।०८२।२।२७	खानेपानी फिल्टर	पाथिभरा सोलर प्रालि	२७५५७२
१५९।०८२।१।१९	सडक नर्माण	कान्छा लागती कन्स्ट्रक्सन	७४४२८०
	जम्मा		**६४९११४७**

३९ **खर्चको नर्म्स-**

सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा तोकिएको मापदण्ड वा नर्म्सका आधारमा गर्नुपर्दछ । नमुना परीक्षण गर्दा गाउँपालिकाले मापदण्ड वा नर्म्स नबनाई खेलकुद कार्यक्रम आयोजना गर्दा तथा खेलकुदमा सहभागी हुन जाने सहभागी टोलीको खाना,जुस, गाडीभाडा, जर्सि खरिद, विजयी खेलाडीलाई सम्मान जस्ता कार्यमा कार्यपालिकाको निर्णयका आधारमा खर्च लेखेको देखियो । यसरी मापदण्ड वेगर निर्णयका आधारमा खर्च गर्ने कार्य नियमसम्मत नदेखिएको रु

गो.भौ.	बजेट शीर्षक	भुक्तानी पाउने	रकम	कैफियत
४६९।०८२।३।२४	अन्य खेलकुद	केशव पौडैल	९३८७५०	
३२६।०८२।२।८	पाथीभरा व्याडमिन्टन कप कार्यक्रम	अर्जुन श्रेष्ठ	१२६७४५०	
२८१।०८१।१२।१९	राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता	अर्जुन श्रेष्ठ	७९९०१५	
	जम्मा		३००५२१५	

अनियमित भएको	३०,०५,२१५

४० **पदाधिकारी सुविधा-**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार कोशी प्रदेशका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ। उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट पदाधिकारीलाई रु ४९,२७,२३२। भुक्तानी भएको छ ।

४१ **अनुगमन-**

गाउँ तथा नगर सभाका सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिकाका सदस्य र वडा सदस्यले अनुसूची १ (क) मा उल्लेख भएबमोजिमको सुविधालाई अधिकतम कायम गरी कार्यपालिकाले निर्धारण गरेबमोजिमको सुबिधा पाउने र अनुसूचीको द्रष्टव्यमा गाउँपालिकामा पदाधिकारीले मासिक अनुगमन भत्ता भुतानी लिँदा

मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमका पदाधिकारीहरुलाई अनुगमन सुविधा भुक्तानी गरेकोमा श्रेष्तासाथ अनुगमन प्रतिवेदन संलग्न गरेको देखिएन । मासिक रुपमा अनुगमन गरेको प्रतिवेदन पेश हुनुपर्ने रू.

क्र.सं.	नाम	भ्याट/प्यान	श्रेणी/तह/पद	मासिक अनुगमन भत्ता	वार्षिक अनुगमन भत्ता
१	केशर कुमार सुब्बा	११७३४९७२२	पदाधिकारी जनप्रतिनिधि (अध्यक्ष)	१००००	१२००००
२	रन माया गुरुङ	११७३४९७२२	पदाधिकारी जनप्रतिनिधि (उपाध्यक्ष)	१००००	१२००००
३	जीतमान तामाङ		पदाधिकारी जनप्रतिनिधि (वडा अध्यक्ष)	४०००	४८०००
४	दिल कुमार सुनुवार		पदाधिकारी जनप्रतिनिधि (वडा अध्यक्ष)	४०००	४८०००
५	पूर्ण बहादुर तिवारी		पदाधिकारी जनप्रतिनिधि (वडा अध्यक्ष)	४०००	४८०००
६	बल बहादुर लिम्बु		पदाधिकारी जनप्रतिनिधि (वडा अध्यक्ष)	४०००	४८०००
७	बलु राम लिम्बु		पदाधिकारी जनप्रतिनिधि (वडा अध्यक्ष)	४०००	४८०००
८	रमेश खालिङ		पदाधिकारी जनप्रतिनिधि (वडा अध्यक्ष)	४०००	४८०००
९	इन्द्र बहादुर खवास		पदाधिकारी जनप्रतिनिधि (कार्यपालिका सदस्य)	२०००	२४०००
१०	एलिसा इङनाम		पदाधिकारी जनप्रतिनिधि (कार्यपालिका सदस्य)	२०००	२४०००
११	जसोदा नेपाली		पदाधिकारी जनप्रतिनिधि (कार्यपालिका सदस्य)	२०००	२४०००
१२	पदम बहादुर कामी		पदाधिकारी जनप्रतिनिधि (कार्यपालिका सदस्य)	२०००	२४०००
१३	मुना नेपाली		पदाधिकारी जनप्रतिनिधि (कार्यपालिका सदस्य)	२०००	२४०००
१४	शोनिसा साम्यु लिम्बु		पदाधिकारी जनप्रतिनिधि (कार्यपालिका सदस्य)	२०००	२४०००
				५६०००	६७२०००

प्रमाण पेश नगरेको	६,७२,०००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : पाथीभरा याङवरक गाउँपालिका, ताप्लेजुङ , पाथीभरा याङवरक गाउँपालिका , ताप्लेजुङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
लेखा प्रमुख	इन्द्र कमल श्रेष्ठ	२०८२-०२-२५	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१५१,३१८	१०,९८२,८१०	१,१९६,६८३	०	०	३,३८०,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१५,७१०,८११
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	१४४,०००
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१५,५६६,८११

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		७००२४३६८.९५	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२९८२६९०९४.३८	चालु खर्च	२६५९८२५०१.९१
प्रदेश सरकारबाट अनुदान	१६८३३६५४	पूँजीगत खर्च	११५९७६३७९
राजश्व बाँडफाँट	६५८२३८२७.२३	वित्तीय/अन्य व्यवस्था	९१९२२५४८.२९
आन्तरिक आय	२९१८१८०.१७		
अन्य आय	८१९३३३६७.८३		
कुल आय	४६५७७८१२३.६१	कुल खर्च	४७३८८१४२९.२०
बाँकी मौज्दात		६१९२१०६३.३६	

अनुसूची - २

बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३


पाथिभरा याङवरक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, ताप्लेजुङ
कार्यालयको कोड : [illegible]

म.ले.प.फा.नं.
२७०.०१

वित्तीय प्रतिवेदन

आ.व. : [illegible]

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.सं./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.व.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		[illegible]	०.००	[illegible]	[illegible]	०.००	[illegible]

१३०००	अनुदान		२९,३२,८९,५६१.३५	०.००	२९,३२,८९,५६१.३५	२८,४४,१६,४५७.३३	०.००	२८,४४,१६,४५७.३३
१४०००	अन्य राजस्व		२७,८७,८३८.३८	०.००	२७,८७,८३८.३८	३३,७३,२७६.८२	०.००	३३,७३,२७६.८२
१५०००	विविध प्राप्ति		३,३९,४६०.००	०.००	३,३९,४६०.००	३५,०५,२५२.३६	०.००	३५,०५,२५२.३६
क	**कुल जम्मा प्राप्ति**		३६,३६,५१,११८.१३		३६,३६,५१,११८.१३	३५,१७,९२,२८४.९७		३५,१७,९२,२८४.९७
३	चालु		२६,५९,८२,५०१.११	०.००	२६,५९,८२,५०१.११	२६,३२,१६,३६४.६९	०.००	२६,३२,१६,३६४.६९
२१०००	पारिश्रमिक / सुविधा		१८,४०,४१,८३८.१२	०.००	१८,४०,४१,८३८.१२	१७,०९,३०,४६९.७४	०.००	१७,०९,३०,४६९.७४
२२०००	मालसामान तथा सेवाको उपयोग		७,९२,३१,४५९.७९	०.००	७,९२,३१,४५९.७९	८,१८,११,७७६.९५	०.००	८,१८,११,७७६.९५
२५०००	सहायता (Subsidy)		०.००	०.००	०.००	५०,०००.००	०.००	५०,०००.००
२७०००	सामाजिक सुरक्षा		२१,४५,४२०.००	०.००	२१,४५,४२०.००	१,०१,४१,१८३.००	०.००	१,०१,४१,१८३.००
२८०००	अन्य खर्च		५,६३,७८४.००	०.००	५,६३,७८४.००	२,८२,९३५.००	०.००	२,८२,९३५.००
४	पूंजीगत		११,५९,७६,३७९.००	०.००	११,५९,७६,३७९.००	११,१८,४५,७११.००	०.००	११,१८,४५,७११.००
३१११०	भवन तथा संरचना		१,३३,९४,५१८.००	०.००	१,३३,९४,५१८.००	३,१२,९४,४०९.००	०.००	३,१२,९४,४०९.००
३१११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		९२,९५,३००.००	०.००	९२,९५,३००.००	१,२२,४२,२३४.००	०.००	१,२२,४२,२३४.००
३१११३०	अन्य पूँजीगत खर्च		१४,११,९३७.००	०.००	१४,११,९३७.००	०.००	०.००	०.००
३१११५०	सार्वजनिक निर्माण		८,३२,४९,६११.००	०.००	८,३२,४९,६११.००	६,६१,५४,५९२.००	०.००	६,६१,५४,५९२.००
३१११६०	निर्मितसरचनाको सुधार खर्च		२०,५०,०००.००	०.००	२०,५०,०००.००	०.००	०.००	०.००
३१११७०	पूँजीगत सुधार खर्च		६५,७५,०१३.००	०.००	६५,७५,०१३.००	२१,५४,४८४.००	०.००	२१,५४,४८४.००
ख)	**कुल जम्मा भुक्तानी**		३८,१९,५८,८८०.११		३८,१९,५८,८८०.११	३७,५०,६२,०८३.६९		३७,५०,६२,०८३.६९
ग)	**बचत /कमी (ग = क-ख)**		(१,८३,०६,८८२.७८)		(१,८३,०६,८८२.७८)	(२,३२,६९,७९८.७२)		(२,३२,६९,७९८.७२)
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)**		१,०२,५३,५७७.१९		१,०२,५३,५७७.१९	(५३,८९,०७१.०४)		(५३,८९,०७१.०४)
घ.१)	**कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी**							

ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		(८०,५३,३०५.५९)		(८०,५३,३०५.५९)	(२,८६,५८,८६९.७६)		(२,८६,५८,८६९.७६)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		७,००,२४,३६८.९५		७,००,२४,३६८.९५	९,८६,८३,२३८.७१		९,८६,८३,२३८.७१

https://sutra.fcgo.gov.np/sutra3/accounting/

पाथिभरा याङवरक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, ताप्लेजुङ
कार्यालयको कोड : ८०१०१५०६३००

म.ले.प.फा.नं.
२७०-०१

वित्तीय प्रतिवेदन

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२

छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		६,१९,७१,०६३.३६		६,१९,७१,०६३.३६	७,००,२४,३६८.९५		७,००,२४,३६८.९५

लेखाप्रमूख	कार्यकारी अधिकृत	महालेखापरीक्षकको कार्यालय

पालिकाबाट प्रमाणिकरण मिति :

सुझाव

स्थानीय तहद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्नसोप्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा अबण्डा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चिततताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदानवितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट

कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- म्याद नाघेको पेश्कीको विवरण पालिकाले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराइ बेरुजु फर्स्योट गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयनगर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउने साथै एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।